"कृषि विकास र भौतिक पुर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर"

# रतुवामाई नगरपालिका
# RATUWAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF THE MUNICIPAL EXECUTIVE

सिजुवा, मोरङ, Sijuwa, Morang,

कोशी प्रदेश, नेपाल Koshi Province, Nepal

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

मिति :२०८२/१२/१०

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ कोशी प्रदेश, नेपाल स्था:२०७३

## लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा संक्रमण रोकथाम सम्बन्धी सूचना ।

हाल नेपालका विभिन्न स्थानका व्यावसायिक तथा घरपालुवा पन्छीहरुमा लो प्याथोजेनिक एभियन इनफ्लुएन्जा भाइरस (Sub Type H9) को कारण कुखुरामा संक्रमण भई कुखुराहरु धेरै मर्ने गरेको साथै यस रतुवामाई नगरपालिकाका छिमेकी पालिकाहरुमा समेत उक्त रोग पुष्टी भई प्रकोप बढ्दै गइरहेको पाइएकोले सो रोगको रोगथाम तथा नियन्त्रण गर्नका लागि तपशिल बमोजिमका कार्यहरु गर्न/गराउन हुन सबै कुखुरापालक कृषक व्यवसायीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

- फार्ममा अनावश्यक आगन्तुक र सवारी साधनलाई प्रवेश नगराऔं।
- कुखुरा वा दाना ओसार पसार गर्ने सवारी साधनलाई फार्म परिसर भित्र प्रवेश नगराऔं।
- खोरमा प्रयोग भएका सामाग्रीहरुको नियमित सरसफाई तथा निःसंक्रमण गर्ने।
- कुखुरा ढुवानी गर्ने सवारी साधन कुखुरा अनलोड गरे पश्चात अनिवार्य रुपमा सरसफाई तथा निःसंक्रमण गरौं।
- फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधी राखिएको फुटबाथ प्रयोग गरौं र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गरौं।
- खोर भित्र र बाहिर हसाको कम्तिमा दुई पटक निःसंक्रमण गरौ।
- फार्म परिसरमा कुकुर,बिरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गरौं।
- मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले पिट वा गहिरो खाडलमा गाडौं।
- रोग सर्न सस्ने जोखिम रहने हुँदा एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजऔं।
- प्रयोग भइसकेको कागजको अण्डा राख्ने क्रेट पुनःप्रयोग नगरौं/नगराऔं।
- लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा रोग बिरुद्ध गुणस्तरीय खोपको प्रयोग गरौं।
- पन्छीपालन व्यवसायमा संलग्न कृषकहरुले अनिवार्य बीमा गरी क्षति न्यूनीकरण गरौं/गराऔं।

१२।१०

...........................

डम्मरु बल्लभ बराल

प्रमुख प्रशासकीय अधिकृत

नोट: अचानक धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजीकैको पशुपन्छी सेवा शाखा तथा सेवा केन्द्रमा जानकारी गराऔं।